नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
आर्थिक प्रशासन निर्देशनालय
प्रबन्ध शाखा (खरिद इकाई)
हलचोक काठमाण्डौ

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. ६/०१

पुनः सूचना प्रकाशित मिति २०७४।०१।२७ गते ।

१. आर्थिक बर्ष २०७३/०७४ मा सशस्त्र प्रहरी वललाई आवश्यक हुने तपशिलमा उल्लेखित पोशाक सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| सि.नं. | विवरण | परिमाण | बोलपत्रको मान्य अवधि | Pre-bid Meeting | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला/खोल्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | सेतो मेसकिट (सेरोमोनियल) कपडा | ३००० मिटर | ९० दिन | २०७४ साल जेठ ०५ गते १३०० बजे (प्रबन्ध शाखा) | २०७४ साल जेठ १० गते कार्यालय समय भित्र । | २०७४ साल जेठ ११ गते । दाखिला १२०० बजे । खोल्ने १३०० बजे । | |
| | मेसकिटमा लगाउने सेतो कटन सर्ट कपडा | २४०० मिटर | | | | | |

२. बोलपत्रदाताहरुबाट रीतपूर्वक निवेदन (मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व.२०७२/०७३ को करचुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी) पेश गरेर मात्र यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर, काठमाण्डौमा रु. ३०००/- (फिर्ता नहुने गरी) बुझाई २०७४ साल जेठ १० गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. बोलपत्रदाताले बोलपत्र जमानत बापत रु. ८३,०००/- मा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३, यस कार्यालयको कोड नं. २७-३१४-५४ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलाएको सक्कलै बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तीमा १२० दिन हुनु पर्नेछ ।

४. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

५. यो सूचना सशस्त्र प्रहरी बलको website:www.apf.gov.np बाट प्राप्त गर्न सकिनेछ साथै यस कार्यालयको फोन.नं.४२८९७४९ मा सम्पर्क गरी कार्यालय समयमा बोलपत्र सम्बन्धमा थप जानकारी लिन सकिने छ ।

६. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ तथा बोलपत्र कागजातमा उल्लेखित शर्त तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।